# ध्रुवचन्द्र गौतमको 'तदुपरान्त' कथामा वक्रोक्ति प्रयोगको विश्लेषण

- **शिवम् शर्मा**

नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय।

**सार**- प्रस्तुत लेखमा वक्रोक्तिको अर्थ तथा वक्रोक्तिसम्बन्धी पूर्वीय एवम् पाश्चात्य चिन्तनको परिचय प्रस्तुत गर्दै कुन्तकको वक्रोक्ति सिद्धान्तका आधारमा कथाकार ध्रुवचन्द्र गौतम लिखित 'तदुपरान्त' कथाको विश्लेषण गरिएको छ। कथाभित्र वर्ण, पद, वाक्य, प्रकरण अनि प्रबन्धका तहमा देखिएका वक्रोक्तिले कथालाई कसरी कलात्मक, श्रुतिरमणीय, अर्थ गाम्भीर्ययुक्त, व्यङ्ग्यात्मक, माधुर्यपूर्ण र ध्वन्यात्मक वैचित्र्ययुक्त तुल्याएको छ भन्ने विषयबारे यसमा प्रकाश पारिएको छ। यसमा अध्ययनका निम्ति मूलत: कुन्तकको **वक्रोक्तिकाव्यजीवितम्**मा व्रकोक्तिबारे गरिएको सिद्धान्त कथन अनि भेद निरूपणलाई सैद्धान्तिक एवम् विधिगत आधारका रूपमा ग्रहण गरिएको छ।

**बीज शब्द-** वक्रोक्ति, वक्रता, वर्ण, पदपूर्वार्द्ध, पदपरार्द्ध, उक्ति वैचित्र्य।

## १ वक्रोक्तिको अर्थ

'वक्रोक्ति' पद दुईवटा शब्द 'वक्र' र 'उक्ति' को योगबाट बनेको छ। वक्रको शाब्दिक अर्थ टेढो वा बाङ्गो भन्ने बुझिन्छ अनि उक्ति भन्नाले भनाइ वा कथन बुझिन्छ। यस आधारमा हेर्दा वक्रोक्तिको अर्थ 'घुमाउरो भनाइ' हुन्छ। **अमरकोश**मा वक्रोक्तिको अर्थ 'सुन्दर उक्ति' भनिएको तथ्य **हिन्दी साहित्य ज्ञानकोश**[१]मा उल्लिखित छ। **काव्यालङ्कार**मा भामहले वक्रोक्तिलाई 'लोकातिक्रांतगोचरम्' अर्थात् लोक व्यवहारभन्दा भिन्न अतिशयोक्ति मानेका छन्। **नेपाली बृहत् शब्दकोश**ले वक्रोक्तिको कोशीय अर्थ 'श्लिष्ट शब्दद्वारा गरिने उपहास वा व्यङ्ग्य' अनि 'काव्यमा काकु वा श्लेषद्वारा भिन्न अर्थ गर्दा पर्ने अलङ्कार'[२] भनेर दिइएको पाइन्छ। अत: वक्रोक्तिलाई चातुर्यपूर्ण वा विचित्र सुन्दर कथन मान्न सकिन्छ।

---

[१] शम्भुप्रसाद (सम्पा), ई सं २०१९, **हिन्दी साहित्य ज्ञानकोश**, दिल्ली, वाणी प्रकाशन, पृ ३४०२

[२] कृष्णप्रसाद पराजुली (सम्पा), वि सं २०६७, **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ, नेपाल प्रज्ञा प्रतिष्ठान, पृ ११२७

## २ वक्रोक्ति सिद्धान्तसम्बन्धी पूर्वीय अवधारणा

पूर्वीय साहित्य सिद्धान्तमा काव्यको एउटा मुख्य तत्त्वका रूपमा वक्रोक्तिबारे विमर्शको लामो परम्परा रहेको पाइन्छ। संस्कृत वाङ्मयमा साहित्य चिन्तन परम्पराको थालनी आचार्य भरतमुनिको **नाट्यशास्त्र**बाट भए तापनि वक्रोक्तिबारे चर्चा भने आचार्य भामहको **काव्यालङ्कार**बाट थालिएको पाइन्छ। भामहका दृष्टिमा शब्द वक्रता र अर्थ वक्रताको समन्वित रूप नै वक्रोक्ति हो। यिनले वक्रोक्ति र अतिशयोक्तिलाई सबै अलङ्कारहरूको मूल आधार मानेका छन्। वक्रोक्तिबिना कुनै पनि अलङ्कार हुँदैन अनि यसका प्रयोगले नै काव्य चमत्कारपूर्ण हुन्छ भन्ने मतको उल्लेख उनले यसरी गरेका छन्-

> 'सैषा सर्वत्र वक्रोक्तिरनयार्थो विभाव्यते
> यत्नोस्यां कविना कार्य: कोऽलङ्कारोऽनया विना।'[३]

भामहपछि आचार्य दण्डीले पनि आफ्नो ग्रन्थ **काव्यादर्श**मा भामहकै विचार अनुसरण गर्दै सबै अलङ्कारलाई नै वक्रोक्ति मानेका छन्। यिनले वाङ्मयलाई दुई भागमा वर्गीकरण गरेको कुरो निम्न श्लोकबाट प्रस्ट हुन्छ -

> 'श्लेष: सर्वासु पुष्पाति प्राय: वक्रोक्तिसु श्रियम्
> द्विधा भिन्न स्वभावोक्ति वक्रोक्तिश्चेति वाङ्मयम्।'[४]

दण्डीले स्वभावोक्तिभन्दा बढी चमत्कारपूर्ण अर्थका रूपमा वक्रोक्तिको उल्लेख गरेका छन्। दण्डीपछि रीतिवादी मान्यताका प्रवर्तक वामनले वक्रोक्तिबारे चर्चा परिचर्चा गर्ने क्रममा 'सादृश्याल्लक्षणा वक्रोक्ति:'[५] भन्दै वक्रोक्तिलाई सादृश्य लक्षणा मानेका छन्।

वामनले रीतिलाई काव्यात्माका रूपमा चिनाउने क्रममा 'विशिष्ट पद-रचना रीति:'[६] भनेका छन्। उक्त विशिष्ट पदले साङ्केतिक रूपमा त्यो विशिष्ट पद वक्रोक्ति नै हो भन्ने निर्देश गरेको छ।

---

[३] देवेन्द्रनाथ, ई सं १९८५, **काव्यालङ्कार**, पटना, बिहार राष्ट्र भाषा परिषद, पृ ६२

[४] रङ्गाचार्य शास्त्री, ई सं १९३८, **काव्यादर्श**, पुना, भाण्डाकर प्राच्य विद्यामन्दिर, पृ २८१

[५] कृष्ण सूरी (सम्पा), ई सं १९०९, **काव्यालङ्कार सूत्रवृत्ति**, श्रिरङ्गम्, वाणी विलास प्रेस, पृ

[६] कृष्ण सूरी (सम्पा), **काव्यालङ्कार सूत्रवृत्ति**, पूर्ववत्, पृ १६

रुद्रटले वक्रोक्तिलाई अझ सीमित गरेर शब्दालङ्कारका रूपमा काकु वक्रोक्ति र श्लेष वक्रोक्ति भनेर वर्गीकरण गरेका छन्। आनन्दवर्द्धनले वक्रोक्तिबारे प्रत्यक्ष रूपमा धेरै चर्चा गरेको पाइँदैन। यिनले वक्रोक्तिलाई अतिशयोक्तिको पर्याय मानेर यसको चमत्कार कविको प्रतिभामाथि निर्भर रहने कुरो सङ्केत गरेका छन्। वक्रोक्ति वा अतिशयोक्ति विषय अनुकूल हुनु पर्ने कुराको चर्चा ध्वनिवादी आचार्य आनन्दवर्द्धनले गरेका छन्। अप्रत्यक्ष रूपमा कुन्तकको **वक्रोक्तिजिवितम्**मा सबैभन्दा बढी आनन्दवर्द्धनको ध्वनि सिद्धान्तको प्रभाव परेको मानिन्छ। **वक्रोक्तिजिवितम्**को रूपरेखाको विधान नै कुन्तकले **ध्वन्यालोक**का आधारमा गरेका छन् भन्ने नगेन्द्रको धारणा छ। अभिनव गुप्तले पनि वक्रोक्तिलाई अलङ्कारको मूलमा रहने अतिशयोक्तिका रूपमा चर्चा गरेका छन्। त्यसपछि रसवादी आचार्य विश्वनाथ र मम्मटले पनि सामान्य रूपमा अलङ्कारकै रूपमा वक्रोक्तिलाई ग्रहण गरेका छन्।

## ३ वक्रोक्ति सिद्धान्तसम्बन्धी पाश्चात्य अवधारणा

पाश्चात्य साहित्य चिन्तन परम्परामा पनि वक्रोक्तिको यथेष्ट चर्चा भएको पाइन्छ। हिन्दी साहित्यका समालोचक नगेन्द्रअनुसार पूर्वीय साहित्यमा कवि वाणभट्टद्वारा अप्रत्यक्ष रूपमा वक्रोक्तिको चर्चा थालिए झैँ पश्चिमी साहित्यमा होमरदेखि नै वक्रोक्तियुक्त शैलीबारे स्थूल रूपमा चर्चा भएको पाइन्छ। प्लेटोका पूर्ववर्ती विद्वान्हरूमध्ये जर्जिअस र एस्काइलसले पनि साहित्यमा वक्रोक्तिको आवश्यकता बोध गरेका छन्। प्लेटोले साहित्यलाई प्रकृतिको अनुकरण मान्दै यो सत्यदेखि टाढा अनि अपूर्ण हुने कुरो गरेका छन्। काव्यको जुन वक्रतालाई प्लेटोले मिथ्या वा कल्पना मानेर तिरस्कृत गरेका थिए, अरस्तुले त्यसैलाई साहित्यको प्राणभूत सौन्दर्य मान्दै काव्यभाषाका सन्दर्भमा वक्रताको महत्त्व स्वीकार गरेका छन्। होमरदेखि प्लेटोको समयसम्म पाश्चात्य साहित्य चिन्तन परम्पराअन्तर्गत वक्रताबारे अप्रत्यक्ष रूपमा सङ्केत मात्र प्राप्त भएको छ। 'अरस्तुले दुखान्तको भाषाशैलीबारे चर्चा गर्दा आलङ्कारिक, लाक्षणिक भाषालाई नै काव्य भाषाका रूपमा स्वीकार गरेका छन्। दुःखान्तको पदावली प्रसन्न, समृद्ध र उदात्त होस् अर्थात् यसमा आलङ्कारिक गरिमा मुख्यत: होस्ट'[७] भन्ने वासुदेव त्रिपाठीको धारणा छ। अरस्तुले कृतिको विषयवस्तु र अन्य उद्देश्य अनुरूप त्यसको भाषा पनि भव्य हुनु पर्ने अपेक्षा गरेका छन्। यसप्रकारको भाषाले श्रोता वा पाठकलाई आह्लाद प्रदान गर्ने कुरा पनि अरस्तुले गरेका छन्।

---

[७] वासुदेव त्रिपाठी, वि सं २०६५, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** १, काठमाडौँ, साझा प्रकाशन, पृ ५७

नगेन्द्रअनुसार युनानी विद्वान्हरूमध्ये लन्जाइनसले सबैभन्दा बढी वक्रताको समर्थन गरेका छन्। युरोपमा पुनर्जागरण कालपछि नव्यशास्त्रीहरूमध्ये ड्राइडन, पोप, बोइलो आदिले काव्यमा वक्रताको आवश्यकता बोध गरेका छन्। दाँतेका समयपछि एडिसनको प्रतिपादनद्वारा पुन: वक्रताप्रति सम्मानको भाव उदय भएको कुरा नगेन्द्रले उल्लेख गरेका छन्।[८] पाश्चात्य साहित्यमा स्वच्छन्दतावादको प्रादुर्भाव भएपछि साहित्यिक भाषालाई लिएर धैरै चर्चा हुन थालेको पाइन्छ। विलियम वर्डस्वर्थ सामान्य जीवनका परिघटनाहरूलाई टिपेर लोकव्यवहारको सहज भाषामा कविता लेख्न रुचाउँछन्, यसकारण उनका कवितामा वक्रतापूर्ण भाषाको प्रयोग थोरै पाइन्छ। तर कलरिजले भने कवितामा वक्रतापूर्ण भाषालाई अनिवार्य मान्दै यसको पुन:प्रतिष्ठा गर्ने प्रयास गरेका छन्।[९]

क्रोचेको सहजानुभूति वास्तवमा कल्पनात्मक व्यापार हो। कुन्तकको वक्रता, कवि व्यापार, उत्पाद्य लावण्य आदिमा पनि कल्पना नै मूल आधार देखिन्छ। तसर्थ क्रोचेको अभिव्यञ्जनावाद कुन्तकको वक्रोक्ति सिद्धान्तसँग नजिक रहेको छ भन्ने विद्वान्हरूको भनाइ छ। रिचर्डर्सले काव्य भाषाबारे चर्चा गर्ने क्रममा शब्दार्थमाझमा तनाउ वा परस्पर स्पर्धा निहित रहने कुरा गरेका छन्, जसको निर्माणका लागि विडम्वना, लक्षणा, विरोधाभास, वक्रता आदि तत्त्वहरू प्रमुख घटकका रूपमा आएका देखिन्छन्। इलियटअनुसार श्रेष्ठ वा स्तरीय कविताको सम्बन्ध कवि प्रतिभाको प्रौढतासँग नरहेर कविताको माध्यम मानिने भाषाको विकासद्वारा हुन्छ।

पाश्चात्य साहित्यमा वक्रताको चरम उत्कर्ष अमेरिकाली नवआलोचनाको उदयपछि भएको पाइन्छ। नवआलोचनाले कृतिको विषय वा भावलाई भन्दा बढी कृतिको शब्दविधान, प्रतीक, बिम्ब, लय आदि शिल्पगत तत्त्वहरूको विश्लेषण गर्ने दृष्टिकोण विकसित गरेको छ। नवआलोचकहरूले काव्यभाषाको विवेचन गर्दा वक्रोक्ति, प्रतीक, रूपक, अनेकार्थकता, विरोधाभास, विसङ्गति, तनाउ, छन्द, लय आदिको विवेचना गरेका छन्। कवितामा व्यङ्ग्यात्मक भाषाको प्रयोगद्वारा नै चमत्कार उत्पन्न हुँदछ साथै व्यङ्ग्यले नै कविद्वारा व्यक्त गरिएका भावमा कुटिलता अभिव्यक्ति हुँदछ भन्ने भनाइ नवआलोचकहरूको रहेको छ जुन कुरा कुन्तकको ‘कविव्यापार’ सँग मेल खाँदछ। अमेरिकाली नवआलोचक जोन क्रो ऱ्यानसमले कविताको प्रमुख घटकका रूपमा वक्रोक्ति (आइरोनी) को चर्चा गरेका छन्। अर्का नव आलोचक विलियम एम्पसनले आफ्नो ‘सेवेन टाइप्स

[८] नगेन्द्र, ई सं १९९६, **नगेन्द्र ग्रन्थावली**, दिल्ली, नेसनल पब्लिसिङ हाउस, पृ ३६६

[९] पूर्ववत्, पृ ३७३

अफ एम्बिगुइटी' शीर्षक समीक्षात्मक लेखमा संस्कृत काव्यशास्त्रमा प्राचीनकालमा प्रतिपादित वक्रोक्तिको अवधारणालाई मौलिक ढङ्गले प्रस्तुत गरेका छन्।[१०] सामान्य व्यवहारमा जुन कुरा सोझो अर्थमा भनिन्छ कविले त्यही कुरा वक्रतापूर्ण शैलीमा भनी कवितामा व्यञ्जना सृष्टि गर्दछ अनि त्यही व्यङ्ग्यार्थले कविता विशिष्ट र प्रभावशाली बन्दछ भन्ने एम्पसनको धारणा छ। अमेरिकाली नवआलोचक क्लिन्थ ब्रुक्सले रूपकलाई कविताको केन्द्रीय तत्त्व मानेका छन्। कविताका विभिन्न संरचक घटकहरू एक अर्कामा अन्तर्सम्बन्धित हुँदछन् अनि तिनै घटकहरूको उचित संयोजनद्वारा कविता विशिष्ट बन्दछ। ती घटकहरूको उचित संयोजन वक्रतापूर्ण भाषाद्वारा मात्र सम्भव हुँदछ भन्ने कुरा ब्रुक्सको 'आइरोनी एज अ प्रिन्सिपल अफ स्ट्रक्चर' शीर्षक लेखअन्तर्गत उल्लिखित छ। अर्का नव आलोचक एलेन टेटअनुसार काव्य भाषाको मूल गुण नै तनाउ वा सन्तुलन हो। टेट के मान्छन् भने शब्दका अभिधार्थ र लक्ष्यार्थमाझ सन्तुलन जति पूर्ण हुन्छ, काव्यगुणको उत्कर्ष पनि उति नै बृद्धि हुँदछ। अत: अमेरिकाली नवआलोचनाको पृष्ठभूमि वा वैचारिक धरातल बेग्लै भए तापनि यसले कुन्तकको वक्रोक्तिवादसँग यथेष्ट सादृश्य राखेको देखिन्छ।

पाश्चात्य साहित्यको समालोचनात्मक अवधारणाका रूपमा प्रस्तुत भएका विविध वाद, सिद्धान्त एवम् मान्यताहरूमध्ये कुन्तकको वक्रोक्तिवादसँग सबैभन्दा निकट सम्बन्ध शैलीविज्ञानको छ। वक्रोक्तिको अवधारणा र शैलीविज्ञान दुवैले साहित्यको भाषा विशिष्ट हुनु पर्दछ भन्ने विषयमा जोड दिइएको पाइन्छ। दुवै सिद्धान्तले विशिष्ट भाषाको अभिव्यक्तिमा कलात्मक संवेग वा सौन्दर्य कहाँ कहाँ छ त्यो देखाउने काम गर्दछन्। शैलीविज्ञानजस्तै वक्रोक्तिवाद पनि कृतिका भाषिक एकाइहरूको अध्ययन-विश्लेषणबाट थालेर घटना-प्रकरण, पात्र, कार्यव्यापार, कथानक आदि हुँदै प्रबन्धको स्तरसम्म अध्ययन-विश्लेषण गर्न पुग्दछ[११] भन्ने घनश्याम नेपालको मत छ।

भामहले 'शब्दार्थौ सहितौ काव्यम्' भनेर आलङ्कारिक शब्दार्थलाई काव्य मानेझैँ रीतिवादी वामनले पनि विशिष्ट पद रचनाकै रूपमा रीतिलाई चिनाएका छन्। ध्वनिवादीहरूको व्यञ्जनापूर्ण अर्थले पनि भाषाको त्यही विशिष्ट स्वरूपलाई सङ्केत गरेको छ। रसवादी आचार्य विश्वनाथले प्रस्तुत गरेको काव्यको परिभाषाले पनि रमणीय अर्थ द्योतन गर्ने भाषाको विशिष्ट रूपलाई नै महत्त्व दिएको पाइन्छ। अत: शैलीविज्ञानले जस्तै पूर्वीय प्राय:जसो समालोचना सिद्धान्तले

---

[१०] नगेन्द्र, **नगेन्द्र ग्रन्थावली**, पूर्ववत्, पृ २४१

[११] घनश्याम नेपाल, ई सं २००९, **शैलीविज्ञान**, सिलगढी, एकता बुक हाउस प्रा लि, पृ १०१

साहित्यलाई भाषिक कलाका रूपमा चिनाउँदै, साहित्यको भाषा विशिष्ट वा रमणीय हुनु पर्ने मान्यता प्रस्तुत गरेको पाइन्छ।[१२]

## ४ कुन्तकको वक्रोक्ति सिद्धान्त

पूर्वीय वाङ्मय चिन्तनको परम्परामा भामहले अलङ्कारको चर्चा गर्ने क्रममा वक्रोक्तिबारे सर्वप्रथम चर्चा गरेका छन्। तैपनि वक्रोक्तिलाई काव्यको प्रमुख सैद्धान्तिक घटकका रूपमा भने कुन्तकले निरूपण गरेको पाइन्छ। कुन्तकअनुसार वक्रोक्ति भनेको सामान्य किसिमको कथन नभई प्रतिभाशाली कविको सुन्दर वा विचित्र उक्ति हो भन्ने कुरा यस श्लोकद्वारा प्रस्ट हुन्छ-

> शब्दार्थौ सहितौ वक्रकविव्यापारशालिनि।
> बन्दे व्यवस्थितौ काव्यं तद्विदाह्लादकारिणी।[१३]

यस श्लोकमा कुन्तकले वक्रोक्तिको स्वरूपबारे चर्चा गर्दा यसमा 'तद्विदाह्लादकारिता' रहने कुरा गरेका छन्। यस अर्थमा सहृदयलाई आह्लाद प्रदान गर्न सक्ने  कथनका रूपमा वक्रोक्तिलाई ग्रहण गर्न सकिन्छ। वक्रोक्तिको अवधारणालाई अझ स्पष्ट पार्न कुन्तक 'वक्रोक्तिरेव वैदग्ध्यभङ्गीभणितिरुच्यते' भन्छन्। यस श्लोकमा विशेषत: तीनवटा पदहरू वैदग्ध्य, भङ्गी र भणिति रहेका छन्। वैदग्ध्यको  अर्थ हो कविकर्म कौशल, भङ्गी भन्नाले चमत्कार वा सौन्दर्ययुक्त शैली अनि भणिति भन्नाले कथन वा भनाइ बुझिन्छ।  यसो हुँदा प्रस्तुत कथनको आशय कविकर्मको कुशलताद्वारा उत्पन्न चमत्कारमा आश्रित कथन नै वक्रोक्ति हो भन्ने बुझिन्छ। अत: कुन्तकका वक्रोक्तिसम्बन्धी मान्यतालाई निम्नलिखित बुँदागत रूपमा समेट्न सकिन्छ-

(१) वक्रोक्ति सामान्य कथनशैलीभन्दा भिन्नै हुन्छ।

(२) लोक व्यवहारमा तथा शास्त्रमा प्रयुक्त शब्द र अर्थको प्रयोगभन्दा पनि यो भिन्न हो।

---

[१२] राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा), वि सं २०६८, **रत्न बृहत् समालोचना** (सैद्धान्तिक खण्ड) , काठमाठौँ, रत्न पुस्तक भण्डार, पृ ६१३

[१३] ओमनाथ बिमली (सम्पा), ई सं २०१७, **वक्रोक्तिजीवितम्**, दिल्ली, शिवालिक प्रकाशन, पृ ८१

(३) वक्रोक्तिका लागि कविमा प्रतिभा आवश्यक हुँदछ।

(४) वक्रोक्तिले सहृदयका मनलाई आह्लादित तुल्याउँदछ।

(५) काव्यमा शब्द र अर्थ मुख्य हो तर यसको प्रस्तुति गर्ने तत्त्व चाहिँ वक्रोक्ति हो अथवा शब्दार्थलाई विशेष बनाउने, आह्लादपूर्ण बनाउने तत्त्व चाहिँ वक्रोक्ति हो।

अत: भामहबाट प्रेरित भए तापनि कुन्तकले अत्यन्त मौलिक ढङ्गमा वक्रोक्ति सिद्धान्तको प्रतिपादन गरेका छन्, जुन पूर्वीय साहित्य सिद्धान्तको महत्त्वपूर्ण, व्यापक र समन्वयशील अवधारणाका रूपमा प्रस्तुत भएको छ। कुन्तकको वक्रोक्तिसम्बन्धी मान्यता शब्द र अर्थमा मात्रै सीमित छैन। यसमा शब्द र अर्थको सौन्दर्य सृष्टिदेखि वाक्य, प्रकरण, प्रबन्ध स्तरसम्म वक्रोक्तिको चमत्कार रहेको छ। कृतिको लघुतम एकाइदेखि बृहत्तम एकाइसम्मका घटकहरू काव्यत्वकारी घटकका रूपमा रहेर सुन्दरता सृष्टि गर्ने धारणा वक्रोक्ति सिद्धान्तले प्रतिपादित गरेको देखिन्छ।

## ५ कुन्तकको वक्रोक्ति सिद्धान्तका आधारमा ध्रुवचन्द्र गौतमको ‘तदुपरान्त’ कथाको अध्ययन

आधुनिक नेपाली साहित्यमा आख्यान पुरुषका रूपमा ध्रुवचन्द्र गौतम परिचित छन्। उनी परम्परागत आख्यान लेखनको शैलीभन्दा भिन्नै शैलीमा आख्यान बुन्छन्। उनी आख्यानमा भाव पक्षको प्रस्फुटनका लागि विशिष्ट शैलीको प्रयोग गर्न रुचाउँछन्। उनको आख्यानात्मक शैली घुमाउरो किसिमको छ। कुनै पनि घटना वा पात्रका बारेमा प्रत्यक्ष रूपमा वर्णन नगरेर स्थितिबोध, पात्रको कार्यव्यापार आदिका माध्यमले चरित्रको उद्घाटन गर्न उनी रुचाउँछन्। उनको आख्यानात्मक शैली व्यङ्ग्यात्मक मात्र नभएर काव्यात्मक वैचित्र्ययुक्त पनि छ। उनका कथामा पाइने शब्द, पद, वाक्य आदिले कहिलेकहीँ विशिष्ट वा दोहोरो अर्थ पनि दिने गर्दछ। यसरी दोहोरो वा विशिष्ट अर्थ द्योतन गराउने माध्यमका रूपमा वक्रोक्तिलाई लिन सकिन्छ।

कुन्तकले वक्रोक्तिका छवटा भेद अनि यसका विविध उपभेदहरू देखाएका छन्। प्रस्तुत शोध पत्रमा वक्रोक्तिका यिनै भेदोपभेदका आधारमा ध्रुवचन्द्र गौतमको **संरक्षक** कथा सङ्ग्रहमा सङ्कलित ‘तदुपरान्त’ कथाको विश्लेषण गर्ने प्रयास गरिएको छ। वक्रोक्तिका छवटा भेदमध्ये पहिलो भेद वर्णविन्यास वक्रता हो। एउटा वाक्य वा अनुच्छेदमा एक वा अधिक व्यञ्जन वर्णहरू थोरै थोरै

अन्तरालमा दोहोरिनु नै वर्णविन्यास वक्रताको पहिलो लक्षण हो। यस प्रकारको वक्रोक्तिको प्रयोग ध्रुवचन्द्र गौतमको 'तदुपरान्त' कथामा धेरै पाइन्छ। यीमध्ये केही उल्लेखनीय दृष्टान्त निम्नलिखित रूपमा प्रस्तुत छन्-

> "यही कारण थियो, यस बखत लोग्ने आफ्नो दाह्री सुमसुम्याउँदै स्वास्नीलाई सम्झिरहेको थियो।"[१४]

उपर्युक्त वाक्यांशमा पत्नीको मृत्यु भएपछि एक्लो बनेको पतिले दाह्री सुम्सुम्याएको प्रसङ्ग छ। कथाको पूर्व प्रसङ्गमा पतिलाई उसकी पत्नीले लामो दाह्री पालेकामा रिसाएको वर्णन छ। त्यसैले उसले आफ्नी पत्नीलाई स्मरण गर्दै दाह्री सुम्सुम्याएको छ। अर्कातिर सामान्यत: पुरुष जातिले चिन्तित भएका बेलामा अथवा परिस्थितिवश एकोहोरिएका बेलामा  पनि आफ्नो दाह्री सुम्सुम्याउने गर्छन्। यसर्थ कथामा आएको 'सुम्सुम्याउनु' शब्दले दोहोरो अर्थ दिएर वाक्य चमत्कृत बनेको छ। साथै प्रस्तुत उदाहरणमा 'स' वर्ण पदादिमा धेरैपल्ट दोहोरिएकोले वृत्यानुप्रास बनेको छ जसले गर्दा वाक्य प्रभावकारी वा श्रुतिमाधुर्य बनेको छ। यसै गरी अर्को उदाहरण छ-

> "केही पऱ्यो भने भन्नु भन्ने कुरो, त्यसले किन भनेन भने त्यो एउटा औपचारिकता मात्र हुन्थ्यो, अनि औपचारिकता होइन र साँच्चिकै उसले केही पऱ्यो भन्ने प्रकट गरिदियो भने?"[१५]

यस वाक्यमा 'भने', 'भन्नु', 'भन्ने', 'भनेन' आदि शब्द धेरैपल्ट दोहोरिएका देखिन्छन्। यसमा एकाधिक व्यञ्जन वर्णको आवृत्ति उही परिवेशमा भएकाले यसलाई कुन्तकले वर्गीकरण गरेको वर्णविन्यास वक्रताको दोस्रो भेदअन्तर्गत राख्न सकिन्छ। प्रस्तुत गद्यांशले कथाकारको शिल्प चातुर्य वा वाक् चातुर्यको क्षमतालाई पनि प्रस्फुटित गरेको छ। यस्तो वर्णावृत्ति ध्रुवचन्द्र गौतमको 'तदुपरान्त' कथामा धेरै ठाउँमा देखिएको छ। कुन्तकले वर्ण वक्रताका सन्दर्भमा काव्यमा तकार, लकार अनि नकार आदि द्वित्व रूपमा उच्चरित भएर प्रस्तुत हुने वर्ण वक्रताको दोस्रो भेदबारे चर्चा गरेका छन्। यस्तै एउटा अर्को उदाहरण-

---

[१४] रमेश गोर्खाली (सम्पा), वि सं २०६४, **संरक्षक**, साझा प्रकाशन, पृ ३

[१५] पूर्ववत्, पृ २

"पत्नीको मृत्युले पारिवारिक दृश्यमा धेरै परिवर्तन ल्याइदियो। जस्तो पति निकै दाह्री बढाएर बस्न थाल्यो। उसका छोराहरू, जो क्रमश: बी ए र आई ए मा पढ्थे, जाँचका दुईवटा पेपर छाडेर किरिया बस्न थाले।"[१६]

यस उदाहरणमा पनि सोही अनुक्रमले 'प','ब' र 'थ' वर्णहरू धेरैपल्ट दोहोरिएका छन्। ध्रुवचन्द्र गौतमको 'तदुपरान्त' कथामा यस्ता वर्णहरूको पुनरुक्ति धेरै भएको देखिन्छ। यसलाई कथाकारको प्रतिभा वा कुन्तकले मानेको 'वैदग्ध्य भङ्गी भणिति' मान्न सकिन्छ, किनभने यसप्रकारको प्रयोग गौतमका कथामा धेरै ठाउँमा प्रस्तुत भएको छ, यसले पाठलाई कृत्रिम वा भद्दा बनाउनको साटो अझ स्वाभाविक र औचित्यपूर्ण बनाएको देखिन्छ। उनका कथामा वर्णको स्तरमा देखिएको वक्रता वर्ण वैचित्र्यमा मात्रै सीमित नरहेर वाक्य, प्रकरण, प्रबन्ध वक्रता आदिलाई समेत सहयोग पुऱ्याएको देखिन्छ।

कुन्तकले काव्यमा व्यञ्जन वर्णहरूको कृत्रिम ढङ्गमा आवृत्ति नहोस् भनेर सचेत रहनु पर्ने कुरा सङ्केत गरेका छन्। वर्णहरूको आवृत्ति विषय अनुकूल, सुन्दर, सरल हुनु पर्ने, गुण, मार्ग र वृत्ति अनुकूल हुनु पर्ने जस्ता कुराहरू उल्लेख गरेका छन्।[१७] यस्ता विषयमा कथाकार ध्रुवचन्द्र गौतम सचेत देखिन्छन्। तिनको यस कथामा पाइने यसप्रकारका वक्रताले कथालाई सुन्दर र चमत्कारी बनाएको देखिन्छ।

कुन्तकअनुसार काव्य विश्लेषण गर्ने  दोस्रो आधार पदवक्रता हो। वाक्यमा वर्णहरूको उचित संयोजनद्वारा पद बन्दछ। यसका पनि पूर्व र पश्च भाग हुन्छन्। तिनलाई प्रकृति र प्रत्ययका रूपमा चिन्न सकिन्छ। पदपूर्वार्द्ध वक्रतामा प्रातिपादिक र धातुहरूको काव्यात्मक विन्यासमा चमत्कार हुँदछ। मूल शब्दका अगिल्तिर वा पछिल्तिर योग हुने उपसर्ग अनि परसर्गको स्वतन्त्र अर्थ नभए तापनि जुन शब्दमा जोडिएर आएको छ, त्यसको अर्थलाई अझ भव्य वा सारगर्भित बन्न सहयोग पुऱ्याउँदछ। 'तदुपरान्त' कथामा प्रयुक्त पदपूर्वार्द्ध वक्रताका केही उदाहरणहरू तल उद्धृत गरिन्छ-

"भाग्यमानी थिइन्, सिँदुरसहितै गइन्।"[१८]

---

[१६] रमेश गोर्खाली (सम्पा), **संरक्षक**, पूर्ववत्, पृ ६

[१७] राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा), **रत्न बृहत् समालोचना (सैद्धान्तिक खण्ड)**, पूर्ववत्, पृ ६०६

[१८] रमेश गोर्खाली (सम्पा), **संरक्षक**, पूर्ववत्, पृ २

यस वाक्यमा रूढी वैचित्र्य वक्रोक्ति अभिव्यञ्जित रहेको पाइन्छ। रूढि भन्नाले लोकव्यवहार वा शास्त्रमा प्रचलित वाच्यार्थ बुझिन्छ। कविले आफ्नो प्रतिभाद्वारा रूढ अर्थलाई सुन्दर वा असम्भव अर्थमा आरोपित गर्नु कुन्तकको रूढि वैचित्र्य वक्रता हो। यसप्रकारको चमत्कार लक्षणामा आश्रित हुने गर्छ। माथिको उदाहरणमा देखाइएको प्रसङ्गलाई यसरी जोड्न सकिन्छ। हिन्दु सम्प्रदायको संस्कारअनुसार एकजना नारीका निम्ति विधवा हुनु सबैभन्दा कष्टदायी विषय रहेको पाइन्छ। त्यसैले सधवा हुँदै वा पतिको मृत्यु हुनुभन्दा अघि मृत्यु भएकी स्त्रीलाई सौभाग्यवती भनिन्थ्यो। यसर्थ कथामा प्रयुक्त 'भाग्यमानी' शब्दले यही अर्थ प्रकाशमा ल्याएको पाइन्छ। भाग्यमानीको प्रसिद्ध अर्थ राम्रो भाग्य वा कर्म भएको भन्ने बुझिन्छ। सुख समृद्धि प्राप्त हुने व्यक्तिलाई भाग्यमानी मानिन्छ तर प्रस्तुत उदाहरणहरूमा आफ्नो श्रीमान्‌भन्दा अघि मृत्यु हुने श्रीमतीलाई भाग्यमानी/ सौभाग्यवती भनिएको छ। वास्तवमा आफ्नी श्रीमतीको मृत्युले विह्वल बनेको श्रीमान्‌लाई सान्तवना दिनका लागि गाउँका मान्छेहरूले सोझै ढाडस नदिएर उसकी श्रीमतीको कर्मको प्रशंसा गरेको देखिन्छ। यसै गरी प्रचलित अर्थ छाडेर रूढ अर्थमाथि धेरै बल दिए रूढि वैचित्र्य वक्रता हुँदछ। यस दृष्टिले गौतमको यो कथा उत्कृष्ट देखिन्छ।

यसै गरी अर्को उदाहरणमा वाक्यवक्रतालाई यसरी देखाउन सकिन्छ-

"मृत्युले हाम फाल्यो। बूढीको कोठा पल्लोचाहिँ थियो। त्यति परसम्म हुत्तिन सकेनछ। वा त्यसलाई हतार थियो, जोसुकै पहिले फेला परोस् भन्ने भयो। बस् त्यो स्वास्नीचाहिँको जीवनमाथि लड्न पुग्यो, अर्थात् वल्लो कोठामा।"[१९]

प्रस्तुत वाक्यहरूमा प्रयोग भएका शब्दहरू 'हामफाल्यो', 'हुत्तिन' अनि 'लड्न' को शाब्दिक अर्थ भिन्नै भए तापनि कथामा यी शब्दहरूले बेग्लाबेग्लै अर्थ अभिव्यञ्जित गरेका छन्। कथाकारले सामान्य भाषामा उसको मृत्यु भयो नभनेर 'मृत्युले हामफाल्यो', 'जीवनमाथि लड्न पुग्यो' तथा 'हुत्तिन पुग्यो' जस्ता पदावलीहरूको प्रयोग गरेको पाइन्छ। कुन्तकअनुसार काव्यको वर्णनीय विषयको चमत्कारपूर्ण विन्यास नै वाक्यवक्रता हो। वाक्यगत स्तरमा विशिष्ट विषयको प्रस्तुति भएमा वाक्य वक्रता हुँदछ। वक्रताको यस भेदमा पूर्वचर्चित अलङ्कारका सबै भेदहरू र

[१९] रमेश गोर्खाली (सम्पा), **संरक्षक,** पूर्ववत्, पृ १

गौणत: स्वभावोक्ति अलङ्कार, रस र अलङ्कार ध्वनिको समावेश गरिएको छ।[२०] यसमा पनि कुन्तकले रसको प्रधानता स्वीकार गरेका छन्। यस दृष्टिले ध्रुवचन्द्र गौतम वक्रोक्तिका सफल प्रयोक्ता आख्यानकार देखिन्छन्। कथाको पहिलो वाक्य नै यसप्रकारले थालिएको छ-

"गरिबी पहिलेदेखि नै निकै होहल्लाका साथ विराजमान थियो।"[२१]

यहाँ उनीहरू धेरै गरिब थिए अथवा परिवार निकै गरिब थियो भन्न पनि सकिन्थ्यो। तर कथालाई सामान्य अर्थमा प्रस्तुत नगरेर विशिष्ट अर्थ द्योतन गर्नका लागि यसप्रकारको भाषिक प्रयोग अपेक्षित देखिन्छ। प्रस्तुत उदाहरणमा पहिलो वाक्यले नै कथा अब कतातिर जान्छ भन्ने कुराको दिशानिर्देश गरेको बुझिन्छ। कथाको परप्रसङ्गमा चित्रित पात्रको मृत्यु, परिवारमा आइपरेको आर्थिक सङ्कटादिलाई प्रयुक्त वाक्यले सङ्केत गरेको छ। वाक्यमा प्रयोग भएका 'निकै', 'होहल्ला', 'विराजमान' आदि शब्दले कथाको थालनीमै व्यङ्ग्यात्मक अर्थ प्रस्तुत गरेको छ। विराजमान शब्दले कुनै शोभायमान अर्थात् भव्य उपस्थितिको बोध गराउँदछ। तर यस वाक्यमा भने गरिबी घरमा 'विराजमान' रहेको छ भन्नु विरोधाभासपूर्ण देखिन्छ। अर्को उदाहरण-

"केवल यति दया गरेको थियो मृत्युले, त्यसले एक्कासि प्रकट भएर लात हिर्काउन थालेको थियो, जसले गर्दा औषधीको खर्च जोगिएको थियो।"[२२]

सामान्य अर्थमा लिँदा मृत्युले दया गर्नु भनेको मृत्यु नहुनु वा काल टर्नु बुझिन्छ अनि कथामा जुन अर्थमा यसको प्रयोग गरिएको छ त्यसबाट मृत्युले दया गर्नु आश्चर्यजनक प्रतीत हुँदछ। ब्रह्माण्डका यावत् जीवात्मा जति छन् ती सबैका लागि भयावह विषय मृत्यु हो, मृत्युले सबैभन्दा त्रासद स्थितिको सिर्जना गर्दछ, त्यसैले 'मृत्युले दया गर्नु' बाट ध्वन्यात्मक वैचित्र्य प्रकट भएको छ। परिवारको आर्थिक स्थिति दुर्बल भएका बेलामा घरका सदस्यहरू बिरामी भएर लड्नु अनि मृत्युसँग सङ्घर्ष गर्नु एउटा कष्टदायी विषय हो, किनभने समयमा औषधि ग्रहण गर्न नपाउँदा, स्याहार सुसार नपुग्दा रोगीको कष्टदायी मृत्यु हुन सक्छ। त्यसैले 'मृत्युले एक्कासि लात हिर्काएर' चिकित्सा वा उपचार गर्ने खर्च जोगाइदियो भन्ने अर्थमा मृत्युले दया गरिदिएको थियो भनेर भनिएको हो। प्रस्तुत

---

[२०] राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा), **रत्न बृहत् समालोचना (सैद्धान्तिक खण्ड)**, पूर्ववत्, पृ ६०७

[२१] रमेश गोर्खाली (सम्पा), **संरक्षक**, पूर्ववत्, पृ १

[२२] पूर्ववत्, पृ १

कथनद्वारा कथाकारको रचनात्मकतालाई औचित्यपूर्ण मान्न सकिन्छ। यसै गरी अर्को दृष्टान्त यस्तो छ-

> ''वातावरणमा स्वास्नीको मृत्यु बाँसघारीजस्तै झ्याम्मिएको देखेर अफिसको मान्छे भित्र अलिकति ऐयाआत्थु गर्न थाल्यो।''[२३]

प्रस्तुत कथनमा वर्णन गरिएको वातावरण बाहिरी मात्र नभएर आन्तरिक पनि हो। चारैतिर छाएको शोकको लहरले करुणा, रोदन, त्रास, विरक्ति आदि भाव सिर्जना गर्न सहयोग पुऱ्याएको देखिन्छ। यस्तो स्थितिमा त्यस परिवारमा शोकको लहर छाएको थियो नभनेर 'मृत्यु बाँसघारीजस्तै झ्याम्मिएको थियो' भनिएको छ। यस कथनले कथानकका अन्य घटना वा प्रसङ्गहरूसित अन्तर्सम्बन्ध स्थापित गर्नमा टेवा पुऱ्याएको छ।

> "त्यसै गरी कहिलेकाहीँ ऊ पाँच बजेपछि रुमालले अफिस पुछन बिर्सिन्थ्यो र स्वास्नीसंग एउटा ना. सु. अथवा भविष्यमा होइने आशमा, कुनै शाखाअधिकृतझैँ व्यवहार गर्न थाल्थ्यो।"[२४]

उपर्युक्त उदाहरणमा 'अफिस पुछन बिर्सन्थ्यो' भनेर वास्तवमै उसको (ऊ पात्र) अनुहारमा अफिस टाँसिएको वा लागेको हुन्थ्यो भन्ने बुझिँदैन। वास्तवमा अफिसको कामको तनाउ, हाकिमको आज्ञा, त्यसद्वारा उब्जिएको शारीरिक वा मानसिक क्लान्ति आदि विषयलाई अभिव्यञ्जित गरेको बुझिन्छ। घरमा पत्नीलाई मेरो जीवन यति धेरै तनावग्रस्त छ, म यति धेरै ठुलो मान्छे हुँ अथवा भविष्यमा 'नायब सुब्बा' हुन सक्छु भन्ने भाव प्रकट गर्नलाई उसले आफ्नो अनुहारबाट 'अफिस पुछन' बिर्सिएको बोध हुँदछ। प्रस्तुत कथनको पुष्टि अर्को अनुच्छेदद्वारा यसरी गरिएको छ-

> ''जस्तो पिठ्यूँ फर्काएर सुत्नु, हाड घोटीघोटी काम गरेकै छु भन्नु अथवा घर पस्दा अफिसको अलिकति गम्भीरता थुतेर ल्याउनु र स्वास्नीसित नायब सुब्बा भएर कुरा गर्नु।''[२५]

---

[२३] रमेश गोर्खाली (सम्पा), **संरक्षक**, पूर्ववत् पृ ३

[२४] पूर्ववत् पृ ४

[२५] पूर्ववत् पृ ३

प्रस्तुत कथाको सबैभन्दा सबल पक्ष घटना वा प्रसङ्गहरूको प्रस्तुतिमा नौला नौला शैलीको प्रयोगलाई मान्न सकिन्छ, जसले कथामा विविधता ल्याएको छ। प्रकरण वक्रताअन्तर्गत आउने एउटा भेद विशिष्ट प्रकरणको अतिरञ्जनको मुख्य विशेषता नै यही हो। एक वा एकाधिक अनुच्छेदबाट कृतिको सिङ्गो घटनाको एउटा फरक क्रम निर्माण गरिन्छ। त्यही प्रकरण हो। कुन्तकको यो प्रकरण वक्रता ध्वनिवादीहरूको प्रकरण ध्वनिको नजिक छ। यसले प्रबन्ध काव्यमा अङ्गहरूको विन्यासमा वक्रता वा चमत्कारको अपेक्षा गरेको हुन्छ।[२६] वास्तवमा प्रकरण भनेको कुनै ठुलो विषयको सानो अंश हो। साहित्यिक कृतिको यस तहमा हुने वक्रता नै प्रकरण वक्रता हो। कुन्तकले प्रकरण वक्रताको पनि उपभेद प्रस्तुत गरेका छन्। ती भेदोपभेदका आधारमा ध्रुवचन्द्रको प्रस्तुत कथालाई निम्न प्रकारले विश्लेषण गर्न सकिन्छ -

> "दोस्रो कुरा त्यसले बतायो, उसको प्रमोसन हुने धेरै चान्स छ। त्यसकारण आजै उसले केही फाराम र कागतहरूमा केवल सही गर्नु छ। उसले कातर दृष्टिले हेऱ्यो। मैले सही गर्ने?" उसले सोध्यो।
>
> "किन नगर्ने?" अफिसको मानिसले भन्यो- "तपाईँ किरिया त बस्नुभएको होइन नि!"
>
> "उसले फारम र अन्य कागजातहरूमा सही गरिदियो। उसको अनुहारमा केही क्षणका लागि उज्यालो रेखी उभ्रियो, जस्तो सही गर्नुसम्मको बेर थियो, अब बढुवामा उसको नाउँ... हस्ताक्षरैसमेत निस्कने हो कि? "
>
> लोग्नेले भन्यो- "यो सही ऊ बाँचेकै बेलामा गर्न पाएको भए... बुझ्नु भो, मेरो प्रमोसनका लागि कति भाकल गरेकी थिई। अब प्रमोसन त होला तर भाकल गर्ने हुन्न...।"[२७]

प्रधान कार्यसँग सम्बद्ध प्रकरणको उपकार्योपकारक भावद्वारा अर्थात् प्रासङ्गिक विषयले मूल विषयलाई पुरै सहयोग वा उपकार गरेको स्थितिद्वारा हुने वक्रता प्रकरण वक्रताको एउटा भेद हो। यहाँ प्रस्तुत गरिएको उदाहरणले 'तदुपरान्त' कथाको मूल कथावस्तुलाई उपकार गर्ने कार्य गरेको छ। साथै कथानकलाई अघि बढाउँदै लैजानमा सहयोग पुऱ्याएको छ। सबैभन्दा महत्त्वपूर्ण विषय यहाँ के

---

[२६] राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा), **रत्न बृहत् समालोचना (सैद्धान्तिक खण्ड)**, पूर्ववत्, पृ ६०८

[२७] रमेश गोर्खाली (सम्पा), **संरक्षक**, पूर्ववत् पृ २

छ भने प्रासङ्गिक विषयको उल्लेख भए तापनि मूल कथालाई पूर्ण रूपमा त्यागेको छैन बरु त्यसलाई अझ सुदृढ बन्न टेवा दिएको छ। यहाँ कथाको मूल पात्रको कार्यालयमा पदोन्नति हुने समाचारले लिएर कार्यालयको अर्को कर्मचारी आएको छ। स्वास्नीको मृत्युले विह्वल भइरहेका स्थितिमा, शोकले ग्रसित भएको समयमा एक्कासि यसरी कार्यालयको अर्को कर्मचारी आएर दराजको साँचो माग्नु अनि त्यसभन्दा पनि मुख्य कुरा उसको प्रमोसनको खबर लिएर आउनु, त्यसका लागि उसले आवश्यक कागजपत्रमा हस्ताक्षर गर्नु, त्यसले गर्दा उसले केही क्षणका लागि भए तापनि पत्नी वियोगको पीडा भुल्नु अनि रमाउनु, अब बढुवामा उसको नाम हस्ताक्षरसितै निस्कनु आदि उसले गरेको काल्पनिक कुराको अनुमानद्वारा  कथानक मूल कथादेखि भङ्गालिएको भान हुँदछ। तर पुन: उसले आफ्नी पत्नीलाई सम्झिनु र उसको मृत्यु नभइकन प्रमोसन भएको भए ऊ कति धेरै रमाउँथी भन्ने कुरा बोध गरेको छ। यस कथनले पुन: कथानकलाई मूल घटना वा कथावस्तुतिर दिशानिर्देश गरेको देखिन्छ।

यसै गरी प्रकरण वक्रताको अर्को भेद प्रधान उद्देश्य सिद्धिका लागि अप्रधान तर सुन्दर प्रसङ्गको उद्भावना हुने वक्रता हो। वास्तवमा प्रत्येक प्रकरणको सार्थकता त्यतिबेला मानिन्छ, जतिबेला यसले अन्य प्रकरणहरूसँग सम्बन्ध राख्दछ अनि अन्त्यमा प्रधान कार्यको उपकारकका रूपमा भूमिका खेल्दछ। अङ्गको सार्थकता त्यतिबेला हुन्छ जतिबेला यसले अन्य अङ्गहरूसँग समन्वित भएर अङ्गीलाई उत्कर्ष प्रदान गर्दछ।[२८] प्रधान उद्देश्य सिद्धिका लागि अप्रधान तर सुन्दर प्रसङ्गको उद्भावना ध्रुवचन्द्र गौतमको प्रस्तुत कथामा वर्णित भएको पाइन्छ।

> “केही मानिसहरू उसको भावी प्रमोसनको सम्झना दिलाइरहेका थिए, जुन भएपछि उसको खुसियालीमा सामेल हुने एउटा अन्तरङ्ग मानिस अर्थात् स्वास्नी मानिस चाहिन्छ कि चाहिन्न?”
>
> “लोग्ने अर्थात् ऊ यो थाहा पाएर केही प्रसन्न भयो, मानिस अझै पनि उसलाई दोस्रो विवाहका लागि प्रेरित गर्ने लायक ठानिरहेका छन्।”[२९]

---

[२८] नगेन्द्र, **नगेन्द्र ग्रन्थावली**, पूर्ववत्, पृ २६७

[२९] रमेश गोर्खाली (सम्पा) **संरक्षक**, पूर्ववत्  पृ ५

पत्नीको मृत्यु भएर सहानुभूति प्रकट गर्न आउने मानिसहरूले उसलाई दोस्रो विवाहका लागि प्रोत्साहित गरेका छन्, जुन प्रधान उद्देश्यसिद्धिका लागि गरिएको अप्रधान कार्य हो। यस प्रकरणले कथाको मूल धारालाई पूर्ण रूपमा नत्यागे पनि केही तहसम्म कथा अर्कै दिशातर्फ मोडेको छ अनि यसले कथाको शीर्षकले सङ्केत गरेकै दिशातर्फ रहेको एउटा सम्भावनालाई प्रस्तुत गर्दै कथानकलाई अघि बढाउने प्रयत्न गरेको छ। वक्रोक्तिका भेदोपभेदहरू वास्तवमा यसरी नै एक अर्कासँग अन्तर्सम्बन्धित छन्। प्रबन्ध वक्रता अन्तर्गत मूल रस परिवर्तन सिद्धान्तले पनि लगभग यिनै कुरा प्रतिपादन गरेको पाइन्छ। यस कथाको मूल रस वा अङ्गी रस यही नै हो भनेर भन्न नसकिने स्थिति छ। यद्यपि पत्नीको मृत्यु वा वियोगको पृष्ठभूमिमा आधारित प्रस्तुत कथाको वातावरणलाई गोचर गर्दा करुण रसलाई नै अङ्गी रसको रूपमा मान्न सकिन्छ। तर प्रस्तुत कथाका विविध प्रसङ्गमा मूल रस परिवर्तन भएको छ जसले गर्दा कुन्तकले मानेझैँ प्रस्तुत कथा सहृदयका लागि आह्लादकारी बनेको छ। कथामा नायिकाको मृत्युले स्तब्ध बनेको वातावरणमा मूल पात्रको दोस्रो विवाहको कुरा हुनु, कार्यालयमा पदोन्नतिका लागि कुरा चल्नु, दुई भाइ छोरा जुवा तास खेल्नमा काठमाडौँभरि नै प्रसिद्ध हुनु आदि दृष्टान्तले कथामा मूल रस परिवर्तन भएका कुरा पुष्टि गर्दछ। जस्तै-

> “उसका दुवै लायकका भइसकेका छोराहरू विवाह भएका खण्डमा झन् अशिक्षित हुन रुचाउने छन् अनि घर बेचेर डेरामा इज्जतदार गृहस्थी चलाउने विचार राख्ने छन्। ... तर तिनीहरू प्राचीन कालदेखि नै विद्रोही स्वभावका थिए र पल्लु आदिमा लग्गु भएर काठमाडौँका धेरै अड्डाहरूमा चर्चित भइसकेका थिए।” [३०]

अर्को वाक्य यस्तो छ-

> “पोहोर पनि चुहिन्थ्यो, तर यति होइन भने पनि उसको निद्रा यसको आवाजले खुल्दैनथ्यो।”[३१]

प्रस्तुत उदाहरणमा कथाको मूल पात्रले आफ्नी पत्नीलाई सम्झिएको छ। विरह, वियोग, पीडा आदि भावको उद्भावना भएकाले विप्रलम्भ शृङ्गार रस सञ्चार भएको छ। यस अतिरिक्त

---

[३०] रमेश गोर्खाली (सम्पा), **संरक्षक**, पूर्ववत् पृ ६

[३१] पूर्ववत् पृ ५

कथामा अन्य पनि यस्ता प्रसङ्ग छन् जसमा कथा मूल धारादेखि केही तहसम्म टाढिन पुगेको छ। जस्तै-

> "अफिसको मानिसले भन्यो- केही छैन, के हुनु? अफिसमा पनि केही छैन। देशमै केही छैन, अनि अफिसमा के हुनु? देशमा केही छ कि छैन, यस्ता कुराको उसमाथि कुनै असर हुँदैन थियो।"[३२]

प्रस्तुत उद्धरणले राष्ट्रको तत्कालीन राजनीतिक परिवेश वा अराजकता, त्यसमा विद्यमान भष्ट्राचार, घुसखोर प्रवृत्ति, हैकमवादी विचार भएका पदाधिकारीहरूको मानसिकता आदि विषयको उदाङ्गो प्रस्तुत गरेको छ, जुन कथाको मूल रसबाट केही भङ्गालिएको प्रतीत हुँदछ।

यस अतिरिक्त 'तदुपरान्त' कथामा कथा विच्छेद वक्रताको प्रयोग पनि सफल भएको छ। प्रबन्ध वक्रताको यस भेद अन्तर्गत मूल कथालाई विशिष्ट स्थलमा टुङ्ग्याउने काम गरिन्छ। पत्नीको मृत्युपछि एउटा निम्न वर्गीय गृहस्थी भत्किएको कुरा, परिवारमा आएको असन्तुलन, विपन्नता, साना साना दुईजना छोराहरूको विच्चल्ली भएको कुरा साङ्केतिक रूपमा वर्णित छ। कथाको मध्य भागमा आएर मूल पात्रको प्रमोसन हुने सम्भावना रहेको कुरा उल्लेख छ, उसको बिहेकै कुरा पनि उठेको छ अनि आइए र बिएमा अध्ययनरत दुईजना छोराहरूको पनि बिहे गरिदिने जस्ता कुराहरू प्रकाशमा आएका छन्। तर कथान्तमा पुगेर यीमध्ये कुनै पनि कुराको टुङ्गो लागेको छैन। दुईजना ससाना छोराहरू एक अर्कासँग टुहुरो भनेको हामीजस्तै केटाकेटी, टुहुरो हुँदा घिउ, चिनी, भात खान पाइने तर अब फेरि टुहुरो हुनलाई आमा नभएको आदि कुरा गर्दै कथा टुङ्ग्याइएको छ। कथा विच्छेद वक्रतासँग अन्तर्सम्बन्धित कथा समापन वक्रतामा पनि यिनै कुरा आउँछन्। यसमा कृतिको उद्देश्य पुरा भएपछि त्यसलाई टुङ्ग्याउने गरिन्छ, जुन विषयमा गौतमको प्रस्तुत कथा सार्थक देखिन्छ। यसै गरी आनुषङ्गिक फल वक्रताका आधारमा पनि 'तदुपरान्त' कथा उत्कृष्ट देखिन्छ। प्रबन्धवक्रताको यस भेदअन्तर्गत चरित्र कुनै एक मूल उद्देश्यका लागि प्रवृत्त हुँदा अन्य उद्देश्य पनि प्राप्त हुँदै जान्छ। प्रस्तुत कथामा तृतीय पुरुष वा 'ऊ' पात्रको चरित्रका माध्यमले कथालाई विविध दिशातिर रेखाङ्कित गरेको छ। सर्वप्रथम त उसको मनोवैज्ञानिक पक्षको सूक्ष्म चित्रण भएको देखिन्छ। अफिसमा भएको राजनैतिक चर्चा घरमा आएर पत्नीलाई सुनाउनु, बेलुका घर फर्किँदा कार्यालयको

---

[३२] रमेश गोर्खाली (सम्पा), **संरक्षक**, पूर्ववत्, पृ ६

तनाउ अनुहारमा लिएर आउनु र स्वास्नीका अगाडि आफू ठुलो मान्छे हुँ, नायब सुब्बा हुँ भनेर आफूलाई प्रस्तुत गर्न खोज्नु आदि कुराले उसको यस पक्षलाई उदाङ्गो पारेको छ। जस्तै-

> "जसरी कहिलेकाहीँ अफिसमा घरजस्तै गरेर टेबिलमाथि खुट्टा पसारेर अथवा सोफामा पलेँटी कसेर बस्थ्यो र समयको एउटा मूल्यवान् भाग सामुन्ने बसेकी एउटी राजपत्र अनङ्कित द्वितीय श्रेणीकी आइमाईलाई हेर्नमा खर्च गर्थ्यो।"[३३]

प्रस्तुत गद्यांशबाट ऊ अन्य मानिसझैँ एकजना सामान्य मान्छे हो, उसमा पनि रतिरागात्मक भाव छ भन्ने कुरा उपर्युक्त उदाहरणबाट उद्घाटित भएको छ। दोस्रो विवाहको कुरा चल्दा हर्षित हुनु, पत्नीसँग सुतेको बेला लिनोलियममाथि पानीको थोपा चुहेको थाहा नपाउनु आदि कुराले पनि यही विषयलाई पुष्टि गर्न बल प्रदान गरेको छ। यसअतिरिक्त उसले घरमा आएर कुनै शाखा अधिकृतले झैँ व्यवहार गरेर आफ्नी पत्नीलाई एक प्रकारको हेय दृष्टिले हेर्न खोजेको देखिन्छ। यसबाट ऊभित्र पुरुषसत्तात्मक विचारले प्रस्फुटित हुने अवसर पाएको छ।

> "सालेहरू खानपिन गर्ने एउटा मौका छाडदैनन्, अनि आएर क्रान्ति देखाउँछन्।... तिमीहरूले केही छाडेका छौ र देशको र देशमा केही हुन्छ? ऊ सामुन्नेको मानिससँग आक्रोशयुक्त प्रश्न गर्न थाल्यो, तर मनमनै, सामुन्नेको मानिसले पत्तो नपाउने गरी।"[३४]

यस अनुच्छेदबाट देशमा भएको भ्रष्टाचार, सरकारको कुनीति, जनसाधारणमाथि गरिएको अत्याचार, पुञ्जीवादीहरूको वर्चस्व आदि विषय प्रस्तुत भएको छ। अर्को पक्षबाट हेर्दा कथाको मूल पात्र आर्थिक रूपले दुर्बल भए तापनि वैचारिक दृष्टिले सचेत देखिन्छ। उसलाई राष्ट्रको राजनैतिक अवस्थाबारे ज्ञान छ अनि आफूभन्दा ठुलो पदाधिकारीसँग कसरी बोल्नु पर्छ भनेर पनि थाहा छ। यसैले गर्दा ऊ एकजना परिस्थिति अनुकूल चरित्रको रूपमा उभिएको छ। प्रस्तुत कथामा एउटै चरित्रका माध्यमले यति धेरै कुरा देखाउनु नै गौतमको कथा लेखनको सबैभन्दा सबल पक्ष ठहर्दछ। यसरी नै कथाको नामकरण वा शीर्षकले कथाको मूल रहस्य उद्घाटित गर्नुलाई नामकरण वक्रता भनिन्छ। प्रस्तुत कथाको शीर्षक 'तदुपरान्त' भनेर त्यसपछि अर्थात् कथामा चित्रित 'ऊ' पात्रकी पत्नीको मृत्युपछिको अवस्थालाई बोध गराएको बुझिन्छ। कुनै पनि घरमा नारी नहुँदा कस्ता कस्ता

---

[३३] रमेश गोर्खाली (सम्पा), **संरक्षक**, पूर्ववत् पृ ४

[३४] पूर्ववत् पृ ६

समस्याहरू आइलाग्छन् भन्ने कुराको सङ्केत पनि यस कथाले गरेको छ। कसरी साना साना दुईजना छोराहरूको बिल्लिबाठ भएको छ, घरको स्थिति कसरी बिचल्ली भएको थियो भन्ने कुराबारे निम्नलिखित दृष्टान्तद्वारा थाहा पाउन सकिन्छ-

> "ससाना दुईटा छोराहरू थिए, जो केही छाकदेखि घिउ-चिनी-भात खानु र आमालाई नदेख्नु, दुईकुरा लगातार अनुभव गरिरहेका थिए। ... बाहिरबाट खेलेर वा थाकेर वा झगडा गरेर घर आउँदा खाजा सधैँ होस् नहोस् आमा अवश्य हुन्थी। अब तिनीहरूको घर आउनु र घरबाट निस्कनु अलिक सौम्य तरिकाको हुन गएको थियो।"[३५]

पत्नीको मृत्यु भएपछि पतिलाई एक्लै घर चलाउन कति गाह्रो हुन्छ भन्ने कुरा यसरी प्रस्ट भएको छ।

> "लोग्ने बिस्तारै चुरोटको सर्को तान्न थाल्यो र भविष्यमा आफ्नो परिवारलाई कसरी घँचेट्ने, त्यसबारे चिन्तित हुन थाल्यो। उसको बढेको र कालो-सेतो भएको दाहीले स्पष्ट थाहा हुन्थ्यो ऊ आफ्नी स्वास्नीको मृत्युले निकै दुःखी छ।"[३६]

लगभग घरभित्रका सबै काम पत्नीले सम्हाल्ने, पुरुषले त कमाएर मात्र ल्याउने, निम्नमध्यम वर्गीय परिवारको समस्या यसरी प्रकाशमा आएको छ-

> "ऊ स्वास्नीसित लटपटिएर सुतेको हुन्थ्यो त्यस्तोमा निद्रासिद्रा खुल्नुपऱ्यो भने पनि स्वास्नीकै खुल्ने गर्थ्यो। तब उसले थाहा पायो, एक्लो हुनु भनेको के रहेछ।"[३७]

अत: पत्नीको मृत्युपछि वा 'तदुपरान्त' परिवारमा आएको विपन्नताजनक स्थितिको चित्राङ्कन गर्नमा सफल भएको प्रस्तुत कथा, नामकरण वक्रताका दृष्टिले पनि उत्तिकै सफल र सशक्त देखिन्छ। विशिष्ट प्रकरणको अतिरञ्जन अर्थात् एउटै विषयमा प्रकरणको प्रस्तुतिमा नौला नौला शैलीको प्रयोगका दृष्टिले प्रस्तुत कथा सार्थक बनेको छ। यस प्रकारका शैलीको प्रयोजनले वक्रता र कथा विच्छेद वक्रताका आधारमा पनि ध्रुवचन्द्रको प्रस्तुत कथाको उपस्थिति सुदृढ रहेको

---

[३५] रमेश गोर्खाली (सम्पा), **संरक्षक**, पूर्ववत्, पृ ४

[३६] पूर्ववत् पृ ३

[३७] पूर्ववत् पृ ६

देखिन्छ। यी दुई सिद्धान्तले एक अर्कामा धेरै सामीप्य राख्दछ, जसले गर्दा सिङ्गो कृतिको प्रतीकात्मक अर्थ प्रस्तुत गर्न सहयोग पुऱ्याएको बोध हुन्छ।

## ६ निष्कर्ष

ध्रुवचन्द्र गौतमको 'तदुपरान्त' कथालाई कुन्तकको वक्रोक्ति सिद्धान्तका आधारमा विश्लेषण गर्दा निष्कर्षका रूपमा निम्न बुँदाहरू प्रकाशित भएको देखिन्छ-

- कथामा प्रयुक्त वक्रोक्तिहरूले कथाको सौन्दर्य वृद्धि गरेको छ।
- भाषामा प्रयोग भएका प्रकरण वक्रोक्ति र प्रबन्ध वक्रोक्तिले कथाको भाव पक्ष अर्थपूर्ण बनेको छ। अझ  प्रकरण वक्रक्ताको प्रभावले मूल रसमा अन्य रसको मिश्रण भएको फलस्वरूप कथाको आन्तरिक परिवेशमा विविधता थपेको देखिन्छ।
- ध्रुवचन्द्र गौतमको कथात्मक शैली घुमाउरो अनि व्यङ्‍यात्मक ढाँचाको रहेको पाइन्छ। 'तदुपरान्त' कथामा अभिधामूलक भाषाको प्रयोग थोरै भएको पाइन्छ, साथै कथाको भाषामा लयात्मकता, कलात्मकता आदि प्रबल मात्रामा रहेको पाइन्छ।
- कथाभित्र वर्ण, पद, वाक्य, प्रकरण अनि प्रबन्ध स्तरमा वक्रतापूर्ण अभिव्यक्तिको प्राबल्य रहेकाले नै प्रस्तुत कथा सम्प्रेषणीय बनेको छ।
- छरितो वक्रतापूर्ण कथनहरूको प्रभावले तदुपरान्त कथा सुन्दर, वैचित्र्यपूर्ण, श्रुतिमधुर र व्यञ्जनात्मक बनेको छ।